# बिषादी व्यवसायी संघ,नेपाल
# को विधान २०७१
## प्रस्तावना

नेपालमा प्राचिन समयदेखि आर्थिक श्रोत र जीविकाको मुख्य आधारकोरुपमा रहदै आएको कृषि व्यवसायलाई आधुनिकीकरण गरी समयानुकूल बनाई बढ्दो जनसंख्याको चाप अनुरुप कृषि पेशालाई आत्मनिर्भर बनाउन र देशको आर्थिक स्थितिलाई अझ बलियो पार्न पुरातन प्रविधिबाट प्रचलित खेती प्रणालीको अन्त्य गर्दै रोग, किराको प्रकोपबाट हुने हानी नोक्सानीबाट बचाई उत्पादन वृद्धिका लागि समुचित ढंगबाट पेष्टिसाइड (जीवनाशक विषादी) को उचित प्रयोगलाई प्रोत्साहन गर्न, जीवननाशक विषादीको व्यापार एवं उद्योगको सुरक्षा र विकास गर्न, विक्रेता र उद्योगी बीच परस्पर हित हुने विषयमा मैत्रिपूर्ण भावना र एकतावृद्धि गर्न, उत्पादन व्यापार आयात निर्यात सम्बन्धमा ऐन कानून तथा नियमावलीमा भएका व्यवस्थाहरुको समयानुकूल बनाउन नेपाल सरकारलाई आवश्यक सरसल्लाह र सुझाव पेश गर्न, सो सम्बन्धमा नेपाल सरकार र जीवनाशक विषादी व्यवसायीहरु बीच पारस्परिक सहयोग बढाउन, जीवनाशक विषादीको खरीद विक्री, आयात निर्यात एवं उत्पादन आदि सम्बन्धी अध्ययन गरी जीवनाशक विषादीको उत्पादन, आयात, निर्यात, विक्री, वितरण र प्रयोगमा आवश्यक सन्तुलन राख्दै व्यवसाय प्रबर्द्धन गर्ने उद्देश्य निहित राखी यस **"बिषादी व्यवसायी संघ,नेपाल"** नामको संस्था गठन गरी संस्था दर्ता ऐन, २०३४ को अधिनमा रही यो **"बिषादी व्यवसायी संघ,नेपाल"** को विधान २०७१ जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१) **संस्थाको नाम:**यस संस्थाको नाम **"बिषादी व्यवसायी संघ,नेपाल"** रहनेछ ।

क) **संस्थाको कार्यालय रहने ठेगाना:**

यस संस्थाको कार्यालय का.जि.का.म.न.पा.वडा नं. १४ मा रहनेछ ।

ख) **संस्थाको कार्यक्षेत्र:**

यस संस्थाको कार्यक्षेत्र जिल्लाभरमा हुनेछ । आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानिय अधिकारीको स्वीकृति लिई नेपाल अधिराज्यभर कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

ग) **प्रारम्भ:**

यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

घ) **संस्थाको अस्तित्व:**

यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर–नाफामुलक, गैर–राजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक अन्य आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरीने छैन ।

२. **परिभाषा**

विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस विधानमा

क) **"विधान"** भन्नाले **"बिषादी व्यवसायी संघ,नेपाल"** को विधानलाई संझनुपर्दछ ।

ख) **"संस्था"** भन्नाले नेपाल बिषादी व्यवसायी संघलाई जनाउँदछ ।

ग) **"समिति"** भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ ।
घ) **"सभा"** भन्नाले यस विधान बमोजिम वसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ ।
ङ) **पदाधिकारी** भन्नाले संस्थाको कार्यसमितीका सदस्य एवं पदाधिकारीहरु समेतलाई सम्झनुपर्दछ ।
च) **नियम, विनियम** भन्नाले यस विधान अन्तर्गत बन्ने नियम र विनियमलाई जनाउँछ ।
छ) **स्थानीय अधिकारी** भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ ।
ज) **साधारण सदस्य** भन्नाले यस विधान बमोजिम सदस्य प्राप्त गर्ने व्यक्ती,उद्योग, फर्म ,संघ वा संस्थालाई सम्झनु पर्छ ।
झ)**स्थानीय निकाय** भन्नाले जि.वि.स. / महानगर / उपमहानगर / नगरपालिका / गा.वि.स.लाई जनाउनेछ ।
ञ) **विषादी** भन्नाले प्रचलित ऐन कानून बमोजिम परिभाषित जीवनाशक विषादीलाई सम्झनुपर्छ
ट) **तोकिएको वा तोकिए बमोजिम** भन्नाले यस विधान र यस विधान अन्तर्गत वनेको नियम, विनियम,निती,निर्देशिकामा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

३. **संस्थाको छाप र चिन्ह :**
प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी **'नेपाल बिषादी व्यवसायी संघ'** को एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढाँचामा हुनेछ । तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा तुरुन्त संशोधन गरिने छ ।

## परिच्छेद २
## उद्देश्य

४) संस्थाको उद्देश्य :
संस्थाको उद्देश्य देहाय बमोजिम रहनेछ ।
क)यो संस्था मुनाफारहित जनहितकारी सामाजिक संस्था हुनेछ ।
ख)नेपालमा जीवनाशक विषादी,सुक्ष्म खाद्य तत्वको उत्पादन,फर्मुलेशन र व्यापार व्यवसायको सुरक्षा एवं समयोचित विकास गर्ने ।
ग)पेस्टीसाइड सम्वन्धी उद्योगी र विक्रेता बीच परस्पर हित हुने सबै विषयहरुमा एकता र मैत्रिभाव वृद्धि गर्ने ।
घ)सम्वन्धित ऐन, कानून तथा नियमावलीहरु (संशोधन र परिमार्जन) सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सरसल्लाह र सुझाव पेश गर्ने ।
ङ)नेपाल सरकार र व्यवसायीहरु वीच पारस्परिक सहयोग तथा समन्वय कायम गर्ने ।
च)उत्पादन, फर्मुलेशन, खरीद विक्री तथा आयात निर्यात इत्यादीको अध्ययन गरी जीवनाषक विषादीको व्यापारमा सन्तुलन राख्न र जीवनाशक विषादीको उत्पादन र विक्री वितरण सम्वन्धमा एकरुपता कायम गर्ने गराउने ।
छ)जीवनाशक विषादी सुक्ष्म खाद्यतत्वको व्यापार तथा उद्योग सम्वन्धी तथ्यांक र अन्य जानकारीहरु संकलन गरी प्रचार प्रसार गर्ने र संघको गतिविधिबारे प्रकाश पार्न नियमित वुलेटिन प्रकाशन गर्ने ।

ज)जीवनाशक विषादी व्यापारमा उचित सिद्धान्तहरुको स्थापना गर्ने गरी व्यापारको नियम तथा प्रचलनमा सामन्जस्यता ल्याउने ।

झ)राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृनिकाय,संघसस्थाहरुसँग समन्वय कायम गर्दै, विभिन्न जीवनाशक विषादी सम्बन्धी व्यवसायिक संघसंस्थाहरुसँग समन्वय गरी संघको उद्देश्य पूर्तिको निम्ति सहयोगको आदान प्रदान गर्ने ।

ञ)समय समयमा जीवनाशक विषादी व्यापार तथा सार्वजनिकरुपमा बालिनालीमा पर्न सक्ने प्रभाव र सोको रोकथामबारे नतिजा प्रदर्शन गर्ने बन्दोबस्त मिलाउने र यस सम्बन्धी प्रवचन गोष्ठी र प्रदर्शनहरु गर्ने गराउने ।

ट)राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृनिकाय,संघसस्थाहरुको सम्पर्कमा रहेर काम गर्ने ।

ठ)संघ उपयुक्त उद्देश्य पूर्तिको निमित्त देश भरका जीवनाशक विषादी विक्री वितरण तथा उत्पादन व्यवसायमा लागेका सबै वर्गको हित रक्षार्थ कुनै पनि समस्यालाई समाधान गर्न आवश्यक कार्य गर्ने ।

(ड) जीवनाशक विषादीको भण्डार र प्रयोगबारे अनुगमन तथा मूल्यांकन गर्ने सरकारलाई सहयोग गर्ने ।

५) **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**

यस संस्थाको उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ :

क)संस्थाले आवश्यक्ता अनुसार प्रचलित नेपाल कानून बमोजिम निकायबाट अनुमति लिई वा इजाजत प्राप्त गरी मात्र आफ्ना उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख)संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गर्ने,भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, टाईपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग)संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त तथा तिनको सेवा शर्तहरु निर्धारण गर्नेछ ।

घ)संस्था सम्बन्धी विवाद आएमा आपसी सहमतीको आधारमा यसै विधान अनुसार विवाद समाधान गरिनेछ ।

ङ)यो संस्थाले आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गर्ने गरीने छैन ।

## परिच्छेद ३

## सदस्यता

६) **सदस्यताको वर्गिकरण:**

यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ :

**क) साधारण सदस्य :**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया पुरा गरी संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुने छन् ।

**ख) संस्थापक सदस्यहरु :**

यस संस्था दर्ता हुँदाको वखतका सदस्य एवं पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ॥

**ग) आजीवन सदस्य :**

संस्थाको उद्देश्य पुरा गर्न टेवा पुर्याउदै संस्थाको विकासमा सहयोग पुर्याउन चाहने,व्यक्ति, फर्म,संघ वा संस्थाहरुलाई तोकिएको प्रकृया पुरा गरी आजीवन सदस्यता प्रदान गर्न सकिनेछ । त्यसरी सदस्यता प्राप्त गर्ने व्यक्ती,फर्म,संघ वा संस्था आजीवन सदस्य हुनेछन् ।

घ) मानार्थ सदस्य :
संस्थाले उपर्युक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठीत नेपाली नागरिक,फर्म,संस्था आदिलाई संस्थाको मानार्थ सदस्य प्रदान गर्न सकिनेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

७) **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :**
यस संस्थाको सदस्यको लागि देहाय र बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।
क) नेपाली नागरिक भएको व्यक्ति ।
ख) १८ वर्ष उमेर पुरा गरेको ।
ग) मानसिक सन्तुलन नगुमाएको ।
घ) सार्वजनिक सम्पत्ती हिनाविना गरेको नठहरेको ।
ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्ट्राचारीको अभियोगमा सजाय नपाएको ।
च) जीवनाशक विषादी सम्बन्धी व्यवसायमा आबद्ध रजिष्टर्ड व्यक्ती,फर्म, वा संस्था हुनु पर्ने ।

८. **संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था:**
देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।
क) गैर नेपाली नागरिक ।
ख) १६ वर्ष उमेर पुरा नगरेको ।
ग) मगज विग्रेको वा बौलाएको ।
घ) सार्वजनिक सम्पति हिनामिना गरेको ठहरेको ।
ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय पाएको ।
च) सम्बन्धित् संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।
छ) साहुको दामासाहीमा परेको ।
ज) कुनै प्रकारको चोरी, ठगी किर्ते, वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको १(एक) वर्ष भित्र ।
झ) जीवनाशक विषादी सम्बन्धी व्यवसायमा आबद्ध नभएको रजिष्टर्ड व्यक्ति,फर्म वा संस्था ।

९) **सदस्यताको समाप्ति :**
१. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको बहाल रहने छैन ।
क) यस विधानको दफा ८ बमोजिमको सदस्य प्राप्त गर्न नसक्ने भएमा ।
ख) सदस्यले नियमीत रुपमा सदस्यता नविकरण नगरेमा ।
ग) संस्थाको काम कारबाहीमा वेइमानी वा वदनियत गरेको कुरा अदालतवाट प्रमाणित भएमा ।
घ) यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।
ङ) जीवनाशक विषादी ऐन,नियम विपरित विषादी विक्रिवितरण गरेको भन्ने सम्वन्धित निकायवाट प्रमाणीत भएमा ।
च) म्याद समाप्त भएका जीवनाशक विषादीहरु जानजान विक्री गरेको प्रमाणीत भएमा ।
छ) साधारण सभाको७५ प्रतिशत सदश्यहरुको वहुमतले संस्थाको सदश्यवाट हटाउने प्रस्ताव पारित गरेमा।
ज) संस्था विघटन भै खारेज भएमा ।

२) कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाईको मौका दिनेछ ।

१०. सदस्यता शूल्क र सदस्यता प्रदान गर्ने विधि :

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१ साधारण सदस्य :

क) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क १०००।- र वार्षिक शुल्क बापत रु ५००/–गरी जम्मा शुल्क रु १५००।- बुझाई तोकिएको प्रक्रिया पुरा गरी आवेदन गर्ने व्यक्ती,संघ,संस्थालाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

ख) त्यस्ता साधारण सदस्यले नविकरण शुल्क वापत रु.५००।– बुझाउनु पर्नेछ ।

ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आषाढ मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ ।

२. संस्थापक सदस्य :

क) यो संस्था दर्ता हुदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् ।

ख) संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिमको शुल्क बुझाई साधारण वा आजीवन सदस्य प्राप्त गर्न सक्नेछन ।

३. आजीवन सदस्य :

संस्थामा एकमुष्ट रु. १०,०००/- वुझाई तोकिएको प्रक्रिया पुरा गरी आवेदन दिने व्यक्ति,संघ,संस्था वा फर्महरुलाई कार्य समितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

४. मानार्थ सदस्य :

साधारण सभाको निर्णयले उपयुक्त ठानेको संस्थाको उद्देश्य कार्यान्वयनमा योगदान गरेको व्यक्तीहरुलाई मानार्थ सदस्यता प्रदान गर्न सकिने छ,तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

५. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारण सहितको जानकारी आवेदकलाई दिइने छ ।

६.सबै सदस्यहरुलेयस विधान र विधान अन्तर्गत बनेका नियम,विनियम,निती एवं निर्देशिका बमोजिमका व्यवस्थाहरुको पुर्ण पालना गर्नु पर्नेछ ।

## परिच्छेद ४

## साधारण सभा, कार्य समिति तथा वैठक सम्वन्धी व्यवस्था

११. साधारण सभाको गठन :

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु वाहेक अन्य सदस्यहरुवाट संस्थाको साधारण सभा गठन हुने छ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२. यस संस्थाको साधारण सभा, देहाय बमोजिम हुनेछ ।

क) वार्षिक साधारण सभाः वर्षको एक पटक वार्षिक साधारण सभा बस्ने छ ।

ख) विशेष साधारण सभाः संस्थाकोकूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात)

दिनभित्र अनिवार्य रुपमा वोलाउनु पर्दछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

३. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.वं. समाप्त भएको मितिले दुई महिना भित्रमा गरिनेछ र त्यसपछीका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिने छ ।

४. यस संस्थाले वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय, र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिइनेछ ।

५. उप-दफा ४ वमोजिम वोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गण पूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिन पुनः साधारण सभा बोलाइने छ ।

६. साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिनेछ ।

**१२.साधारण सभाको काम कर्तव्य र अधिकार :**

साधारण सभाको काम,कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने ।

ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परीक्षण-प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने वेरुजु रकमहरु अशुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने।

ग) आगामी बर्षको लागि लेखा परीक्षकको नियुक्ती गर्ने ।

घ) संस्थाको वार्षिक कार्य प्रगती विवरण र संस्थाले गरेको कार्यहरुको मूल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारी हरुको विधान बमोजिम निर्वाचन सम्पन्न गर्न निर्वाचन समिसतलाई आवश्यक सहयोग गर्ने ।

च) कार्य समितिद्धारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

ज) कार्य समितिबाट संस्थाको हित अनुकुल भएका काम कार्वाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

झ)संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी, पारिश्रमिक भत्ता, तथा अन्य सुविधाहरुमा आवश्यक अनुरुप स्वीकृति प्रदान गर्ने ।

**१३. कार्य समितिको गठन**

१.संस्थाका सदस्यहरु मध्येबाट दफा २३ बमोजिम प्रत्यक्ष निर्वाचन पद्दतिबाट ९(नौ) सदस्यीय एक कार्य समिति गठन गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| महासचिव | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरु | ४ |

२.कार्यसमितिको कार्यकाल ३ बर्षको हुनेछ ।

३ कार्यकाल समाप्त हुनु अगावै कार्य समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिको निर्णयले मनोनयनद्धारा रिक्त पद पूर्ति गरिनेछ । यसरी सो पदमा मनोनित सदस्यको कार्यकाल जुन सदस्यको रिक्त पदमा मनोनित भएको हो, सो सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ ।

४ कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१% ले बैठक बोलाउन लिखित रुपमा माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५ कार्यसमितिका पदाधिकारीहरुको कूल संख्याको ५१% पदाधिकारीहरु उपस्थित नभै कार्य समितिको वैठक बस्ने छैन ।

६ कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थित रहेमा बैठकमा उपस्थित सदस्यहरुले छानेको वा जेष्ठ सदस्यले अध्यक्षता गर्ने छ ।

७ कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्ने छ ।

८ संस्थाले गर्ने समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सही गर्नु पर्नेछ । तर सो निर्णय विवरणमा असमती जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्ने छ ।

९ संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुने छ ।

१ माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कार्यको सम्बन्धमा कार्य समितिका सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिने छ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैठकको निर्णय सरह मानिने छ ।

**१४.कार्य समितिको काम,कर्तव्य र अधिकार :-**

कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१ संस्थाको आगामी वर्षको बार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

२ विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यन्वयन गर्ने गराउने ।

३ संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने ।

४ साधारण सभा प्रति उत्तरदायी रहने ।

५ संस्थाको उद्देश्यप्रप्तीका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपयोग र प्रयोग गर्ने ।

६ संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, स्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित राख्न लगाउने र बैकं खाता खोली संचालन गर्ने ।

८. संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्वन्धि कर्मचारी नियमावली वनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

९. संस्थाको उदेश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यत्तिहरुको सल्लाहकार समिति, अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको वांडफांड गरी दिने ।

१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१५. पद त्याग गर्न सक्ने:

१ अध्यक्षले उपाध्यक्ष मार्फत् कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्ने छन् ।

२.कार्य समितिको कुनै पनि पदाधिकारीले नेपालको प्रचलित कानुन बमोजिम काम गरेमा वा अपराध गरेको ठहरियमा उसको पद सोतह खारेज हुनेछ।

१६. अन्य समितिहरु:

१.यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनको लागि कार्य समितिले आवश्यकता अनुसार अन्य समिति वा उप-समितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको बैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

२. उप-समितिको कार्यहरु कार्य समितिले तोकी दिए बमोजिम हुनेछन ।

## परिच्छेद-५

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

१७. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार:

कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१.अध्यक्षको काम कर्तव्य र अधिकार:

क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

ख) निृर्णायक मत दिने ।

ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

घ) संस्थाको नेतृत्व लिने ।

ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिबलाई निर्देशन दिने ।

च) अन्य पदाधिकारी एंव सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

छ) अभिलेख प्रमाणित गर्ने ।

ज) कुनैपनि पदाधिकारीले संस्थाको उदेश्य, भावना र विधान विपरित काम गरेमा निजलाई आफ्नो आचरण र व्यावहार सुधार्न निर्देशन दिने तथा स्पष्टीकरण माग्ने ।

२. उपाध्यक्षको काम कर्तव्य अधिकार:

क) अध्यक्षलाई सहयोग गर्ने ।

ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग) अध्यक्षको अनुपस्थितीमा निजको कार्य गर्ने ।

३. महासचिबको काम कर्तव्य र अधिकार:

क) संस्थाको सचिवालयको रेखदेख र संचालन गर्ने ।

ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

ग) अभिलेख सुरक्षित राख्ने ।

घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

ङ) विभिन्न व्यक्ति, संघ, संगठन वा संस्थाहरुसंग समन्वकायम गर्ने ।

च) संस्थाको आर्थिक कारोवारको हरहिसाव कोषाध्यक्ष संग लिने ।

४. **सचिवको काम कर्तव्य र अधिकार**

क) महासचिवको अनुपस्थितीमा महासचिवले गर्ने सम्पूर्ण काम कारवाही गर्ने, गराउने ।

ख) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

५. **कोषाध्यक्षको काम कर्तव्य र अधिकार:**

क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

ख) साधारण सभामा आर्थिक कार्यक्रम र बजेट पेस गर्ने ।

ग) लेखा दुरुस्त राख्ने ।

घ) नियमितरुपमा बार्षिक लेखापरीक्षण गराउने ।

६. **सदस्यहरुको काम र कर्तव्य र अधिकार:**

क) समितिको वैठकमा सक्रिय सहभागिता जनाउने ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

ग) अध्यक्ष तथा महासचिवद्धारा तोकीएको काम सम्पन्न गर्ने ।

घ) कार्यसमितिको कुनैपनि निर्णयप्रति चित्त नवुझेमा निर्णय पुनरावलोकनको माग गर्ने ।

१८. **गणपूरक संख्या :**

१. कुल सदस्य संख्याको ५१ प्रतिसत (साठी) साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारवाही हुने छैन ।

२. तर विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम, पुन: बोलाइएको साधारण सभामा कूल सदस्य संख्याको ४० प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-६
## आर्थिक व्यवस्था

१९. **संस्थाको कोष :**

१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् :

क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको विक्रिवाट प्राप्त रकम ।

घ) विदेशी संस्था व्यक्ति वा अंर्न्तराष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

ङ) स्थानीय निकायवाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

२) विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत लिईने छ ।

३) संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिने छ ।

२०. **खाता संचालन** :

संस्थाको वैंक खाता अध्यक्ष वा महासचिव मध्ये कुनै एक र कोषाध्यक्षको -अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

२१. **कोषको रकम खर्च गर्ने तरिका** :
संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम कानूनी प्रक्रिया अपनाई खर्च गरिने छ ।

क) संस्थाको वार्षिक वजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारीत बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए वमोजिम खर्च गर्नुपर्ने छ ।

२२. **संस्थाको लेखा र लेखा परिक्षण** :

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिने छ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुने छ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाब जाँच गर्न गराउन सक्नेछ ।

४. लेखा परिक्षणको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको १/१ प्रति स्थानीय अधिकारी, जि.वि.स., समाज कल्याण परिषद र सम्बन्धित निकायमा पेश गरिने छ ।

## परिच्छेद - ७
## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

२३. **निर्वाचन सम्बन्धी व्यवस्था** :

१. कार्य समितिको निर्वाचन प्रयोजनको लागि वढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको निर्णयले गठन गरिनेछ ।

२. निर्वाचन समितिले प्रचलित कानूनको परिधीभित्र रही निर्वाचन कार्यविधी तयार गरी निर्वाचन सम्पन्न गर्नेछ।

३ . निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले नै गर्नेछ । निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४. निर्वाचन सम्पन्न भएको भोलि पल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

२४. **उम्मेदवार हुने योग्यता**:कार्य समितिको उम्मेदवार हुन देहाय वमोजिमको योग्यता पुगेको हुन पर्नेछ

क) संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति हुनुपर्नेछ ।

ख) साधारण सदस्यताको हकमा सदस्यता प्राप्त गरि सकेपछि नियमितरुपमा सदस्यता नविकरण गरेको हुनु पर्नेछ ।

ग) साधारण सभाको वैठकमा उपस्थित भएको हुनुपर्नेछ ।

घ) प्रचलित नेपाल कानून र यस विधानले वाधा पुऱ्याएको हुनु हुने छैन ।

ङ) संस्थामा उम्मेदवार हुन कम्तीमा १ वर्ष अगाडि संस्थाको सदस्य बनेको व्यक्ति हुनु पर्नेछ । तर संघ स्थापनाकालमा यो नियम लागू हुने छैन ।

**२५.अविश्वासको प्रस्ताव**

१.अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारीक हुनु पर्छ ।

ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

२.उपदफा १ वमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा वस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइने छ ।

३. अविश्वासको प्रस्ताव माथी छलफलको प्रक्रिया :

क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

ख)उप-दफा - ३ (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने वढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग) उप-दफा (१) वमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइने छ ।

**४. अविश्वासको प्रस्ताव माथि निर्णय :**

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय वमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

ख) साधारणसभाका सदस्यलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

ग) अविश्वासको प्रस्तावको पक्ष वा विपक्षमा रहेको जानकारी दिन हातउठाउन लगाएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) वहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

३. निर्वाचित भएका ६ महिना नपुगी वा प्रस्ताव विफल भएका ६ महिना नपुगी त्यस्ता व्यक्ति उपर पुन : अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२६. विधान संशोधन :

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजको लागि स्थानिय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्ने छ । स्थानिय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

२७. नियम बनाउन सक्ने :

१. संस्थाले आफ्नो कार्य सम्पदन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानिय अधिकारीलाई सो को जानकारी दिनुपर्नेछ ।

२. यो विधान र विधान अन्तर्गत वनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारीको व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम वनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. कर्मचारीको व्यवस्था :

क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए वमोजिम हुनेछ ।

ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको संचालन गर्ने कार्यमा विदेशी सल्लाहकार वा स्वयम सेवक राख्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुऱ्याउने सेवा, कामको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत जानकारी गराइने छ ।

२९. संस्था खारेजी :

१. सधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेजीगर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्वडेटरहरु र संस्थाको हिसाब किताब गर्नाको लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछन ।

३. उपदफा (२) वमोजिम नियुक्त लिक्वडेटर र लेखा परिक्षकहरुको पारिश्रमक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४. यसरी कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाल सरकारको हुनेछ ।

३०. व्याख्या :

यो विधान र विधान अन्तर्गत वनेको विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

३१. गोप्यता भंग गर्न नहुने :

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा सधारण सभाका सदस्यहरुले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

३२. ऐन अनुसार हुने : यस विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछ र संस्था दर्ता ऐन नियम, र प्रचलित कानुन संग बाझिन गएमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछन् ।

३३. <u>निर्देशनको पालना</u> : नेपाल सरकार वा स्थानिय अधिकारीले समय,समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३४. <u>तदर्थ समिति</u> :

१. यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानिय अधिकारीलाई दिइने छ ।

२. प्रथम पटक निर्वाचन संम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारवाहीहरु यसै विधान सरह भएको मानिनेछ ।

३५. हामी "सिवादी व्यवसायी संघ नेपाल" का निम्न संस्थापकहरु यस विधान वमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहबरमा विधानमा सहीछाप गर्दछौं ।

| संस्थापकको नाम थर र ठेगाना | साक्षीको नाम, थर, वतन र सहीछाप |
|---|---|
| नाम : सुरेश गुरुङ्ग (अध्यक्ष)<br>ठेगाना: सितापाइला ४, काठमाण्डौ<br>दस्तखत | नाम : मणिदेब भट्टराइ<br>ठेगाना:-का म न पा भाटभटेनी,काठमाण्डा<br>दस्तखत |
| नाम : छोटेलाल प्रसाद लोहार (उपाध्यक्ष)<br>ठेगाना: श्रीसिया ७ पर्सा<br>दस्तखत | नाम : बसन्त चन्द्र मरहट्टा<br>ठेगाना:- का म न पा १४ कलंकी<br>दस्तखत |
| नाम : मणिदेब भट्टराइ (महासचिब)<br>ठेगाना: का म न पा भाटभटेनी काठमाण्डौ<br>दस्तखत | नाम : गणेश बानिया<br>ठेगाना:- झरुवारासी ९ ललितपुर<br>दस्तखत |
| नाम : गणेश बानिया (सचिब)<br>ठेगाना: झरुवारासी ९ ललितपुर<br>दस्तखत | नाम :चिनीकाजी देशार<br>ठेगाना:- चापागाउ ३ ललितपुर<br>दस्तखत |
| नाम : बसन्त चन्द्र मरहट्टा (कोषाध्यक्ष)<br>ठेगाना: का म न पा १४ कलंकी<br>दस्तखत | नाम :चित्र बहादुर अधिकारी<br>ठेगाना:- कालिमाटी<br>दस्तखत |